# CCS ELEVATE

## LINDBERGH ELEMENTARY

नवेम्बर २०२३ मा कलम्बस सिटी स्कूल्सले आफ्ना सुविधाहरूको स्तरवृद्धि गर्ने र उनिहरूको पदचिह्न कम गर्ने वाचा गर्दै १०० मिलियन डलर ($ १०० मिलियन) लेवी पारित गर्न कलम्बसका मतदाताहरूको अत्याधिक समर्थनकालागि धन्यवाद। यस लेवी सङ्कलनको लक्ष्य भनेको सबै विद्यार्थीहरूकालागि उच्च गुणस्तरको शिक्षा प्रदान गर्ने जिल्लाको मिशनलाई समर्थन गर्नु हो। बोर्ड नीति ७१०५ अनुसार, सुपरिटेन्डेन्टले फेब्रुअरी  २०२४ को शुरुमा डिस्टृक्टका सुविधाहरूको पुनर्संरचनाको मूल्याङ्कन गर्न सामुदायिक सुविधा कार्यदल गठन गर्यो। सो कार्यदल विविध पृष्ठभूमि र अनुभव भएका व्यक्तिहरूको बन्छ।




यस कार्यदलले मंगलबार, मेई ७ तारिकका दिन शिक्षा बोर्डलाई प्रारम्भिक सिफारिसहरू प्रस्तुत गऱ्यो। यी सिफारिसहरू भवनहरूमा ग्रेड ब्यान्डको मानकीकरण, शैक्षिक र अतिरिक्त क्रियाकलापहरूमा पहुँच बढाउन, परिवार र विद्यार्थीहरूलाई समान सेवाहरू प्रदान गर्न र पहिले करदाताहरूको लगानीलाई सम्मान गर्न केन्द्रित थिए। यसको लक्ष्य भनेको प्रारम्भिक सिफारिसहरूमा समुदायको दृष्टिकोणलाई अझ राम्रोसँग बुझ्नु र खुला सम्वादको माध्यमबाट सहयोग बढाउनु हो। यसले डिस्ट्रिक्टको मिशनसँग सुविधाहरूको मास्टर प्लानलाई पङ्क्तिबद्ध गर्न र कलम्बस सिटी स्कूल्सको बुझाइ बढाउन मद्दत गर्नेछ।




यस सुपरिटेन्डेन्टको सामुदायिक सुविधा टास्क फोर्स शिक्षा बोर्डलाई **लिन्ड्बर्ग् एलिमेन्टरी स्कूल (Lindbergh Elementary School)** बन्द गर्न सिफारिस गर्छ, जुन चाँहि अब बिन्स, बरोस  र वेस्ट माउण्ड एलिमेन्टरी स्कूल समुदायहरूको एउटा हिस्सा हुनेछ।

**लिन्ड्बर्ग् एलिमेन्टरी (१९५८)** स्कूलमा ३०० विद्यार्थीहरूलाई सेवा गर्ने क्षमता छ**;** यद्यपि**,** २०२३-२०२४ स्कूल वर्षमा केवल २४७ विद्यार्थीहरू भर्ना भएका छन् जसको वर्तमान उपयोग दर ८४% हुन आउँछ।

लिन्ड्बर्ग् शहरको पश्चिम तर्फ अवस्थित छ। सुविधाहरूको मास्टर प्लान कार्यको क्रममा, प्रत्येक छिमेकी विद्यालय-बिन्स, बरोस र वेस्ट माउन्ड-ले २१औं शताब्दीको भवन मापदण्ड प्राप्त गरे। लिन्ड्बर्ग् विद्यार्थीहरूलाई यी तीन वटा विद्यालयहरूमा सार्दा उनीहरूलाई पूर्ण-समय कला, संगीत, र शारीरिक शिक्षा पढाउने शिक्षकहरू र अङ्ग्रेजी भाषा शिक्षार्थीहरू र अपाङ्गता भएका विद्यार्थीहरूकालागि थप सेवाहरूमा पहुँच पाउन अनुमति दिनेछ। विद्यार्थीहरूले यी सेवाहरू आफ्नो घर नजिकै प्राप्त गर्ने अवसर पाउनेछन्।

The Columbus City School District does not discriminate based upon sex, race, color, national origin, religion, age, disability, sexual orientation, gender identity/expression, ancestry, familial status or military status with regard to admission, access, treatment or employment. This policy is applicable in all district programs and activities.

COLUMBUS CITY SCHOOLS